नेपाल सरकार
जिल्ला समन्वय समिति
जलेश्वर, महोत्तरी
२०७३

सम्पर्क नं :-०४४-५२००४२

मितिः २०८३/०६/०१

# प्रेस विज्ञप्ति

महोत्तरी जिल्लाको औरही नगरपालिका वडा नं.०८ मा ट्रान्सफर्मर जडानको स्थान निर्धारण सम्वन्धी विवादित रहेको विषयमा मिति २०८३ भदौ ३१ गते विहान करिव ११:३० वजे अराजक समूहले नगर प्रमुख श्री प्रदिप कुमार खड्काको कार्यकक्षमा एक्कासी प्रवेश गरि चुकुल लगाई नगर प्रमुख माथि हमला र तोडफोड गरि कर्मचारी तथा सेवाग्राहीमाथि हातपात,हुल्हुज्वत तथा सार्वजनिक सम्पतिमा तोडफोड गरेको घटना प्रति जिल्ला समन्वय समिति महोत्तरीको गम्भीर ध्यानाकर्षण भएको छ।

नागरिकको आधारभूत सेवा तथा सार्वजनिक हितसँग सम्वन्धित विषयमा असहमति वा गुनासो राख्नु नागरिकको अधिकार भए पनि त्यसका नाममा कानून हातमा लिई निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीमाथि हातपात गर्ने, सार्वजनिक कार्यालयमा जबर्जस्ती प्रवेश गर्ने तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने कार्य कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन। यस्ता गतिविधिले सार्वजनिक सेवा प्रवाह, स्थानीय तहको संस्थागत मर्यादा तथा कानूनको शासनमाथि प्रत्यक्ष असर पर्ने विषयमा ध्यानाकर्षण गराउदै सम्वन्धित सुरक्षा तथा अनुसन्धान निकायसमक्ष घटनाको तत्काल निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा प्रमाण संकलन गर्न र संलग्नता पुष्टि भएका व्यक्तिहरूलाई प्रचलित कानूनवमोजिम तत्काल नियन्त्रणमा लिई कडा कानुनी कारवाही अघि वढाउन तथा भविष्यमा यस्ता अराजक अपराधिक गतिविधि जिल्लामा दोहोरिन नदिन प्रभावकारी शन्ति सुरक्षा व्यवस्था कायम गर्न जिल्ला समन्वय समिति आग्रह गर्दछ ।

कानूनको शासन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीको सुरक्षा सुनिश्चित गर्नु सबैको साझा दायित्व भएकोले सबै राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा आम नागरिकलाई असहमति र विवादको समाधान असल संवाद, समन्वय-सहकार्य तथा कानुनी प्रक्रियाबाट खोज्दै संयमित र मर्यादित व्यवहारबाट सामाजिक सदभाव कायम राख्न हार्दिक अपेक्षा गरिन्छ ।

सुमन कुमार लाल कर्ण
(जि.स.स.प्रमुख)
जिल्ला समन्वय समिति,महोत्तरी

नेपाल सरकार
जिल्ला समन्वय समिति, जलेश्वर,महोत्तरी

पत्र संख्याः २०८३/०८४
चलानी नम्बर : ६६

मितिः २०८३।०६।०१
ने.सं. ११४६

श्री स्थानीय तहहरू सबै,
महोत्तरी जिल्ला।

विषयः शान्ति–सुरक्षा, सुशासन सम्बन्धी समन्वय बैठक सम्बन्धमा।

मिति २०८३ भदौ ३१ गते औरही नगरपालिकाका नगर प्रमुख श्री प्रदीप कुमार खड्काको कार्यकक्षमा ट्रान्सफर्मर जडान सम्बन्धी विवादको विषयलाई लिएर भएको घटनाका सम्वन्धमा जिल्ला समन्वय समितिवाट जारी प्रेस विज्ञप्तिमा समेत उक्त घटना स्पष्ट गरिएको छ। उक्त घटनालगायत महोत्तरी जिल्लाका विभिन्न स्थानीय तहमा शान्ति–सुरक्षा कायम गर्ने, जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने, स्थानीय तहमा उत्पन्न हुने विवाद तथा असहमतिलाई संवाद, सहकार्य, समन्वय तथा मेलमिलापको माध्यमबाट समाधान गर्ने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र निर्वाध रूपमा सञ्चालन गर्ने विषयमा आवश्यक छलफल एवं समन्वय गर्न देहायको मिति, समय र स्थानमा समन्वय बैठक आयोजना गरिएकोले यहाँको स्थानीय तहबाट नगरपालिकाका नगर प्रमुखज्यू तथा गाउँपालिकाका अध्यक्षज्यूको उपस्थितिका लागि अनुरोध छ।

बैठकको विवरणः
मितिः २०८३/०६/०२ गते
समयः ११:३० बजे
स्थानः जिल्ला समन्वय समितिको सभाहल, जलेश्वर, महोत्तरी

सुमन कुमार लाल कर्ण
जि.स.स प्रमुख

Email: info@dccmahottari.gov.np, Ph No.: (+९७७५२००२९-०४४-(


CamScanner